नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार, काठमाडौं

## मेलम्ची खानेपानी आयोजना प्रभावित क्षेत्र अनुगमन, समन्वय तथा सहजीकरण समितिको संरचना, कार्यशर्त (TOR)

मेलम्ची खानेपानी आयोजना प्रभावित क्षेत्रको पूर्वाधार विकाससँग सम्बन्धित विषयमा अनुगमन, अन्तरनिकायगत समन्वय तथा सहजीकरण गर्न तपसिल बमोजिमको कार्यशर्त (TOR) सहितको मेलम्ची खानेपानी आयोजना प्रभावित क्षेत्र अनुगमन, समन्वय एवं सहजीकरण समिति गठन गर्ने।

### क) समितिको संरचनाः

| | | |
|---|---|---|
| १ | सचिव (विकास व्यवस्थापन क्षेत्र हेर्ने), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संयोजक |
| २ | सहसचिव, योजना तथा विकास सहायता समन्वय महाशाखा, खानेपानी मन्त्रालय | सहसंयोजक |
| ३ | प्रतिनिधि, सहसचिव, अर्थ मन्त्रालय | सदस्य |
| ४ | प्रतिनिधि, सहसचिव, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सदस्य |
| ५ | प्रतिनिधि, सहसचिव, कार्यक्रम, बजेट तथा अनुगमन महाशाखा, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | सदस्य |
| ६ | बाढीपिडित संघर्ष समितिको तर्फबाट ३ जना | सदस्य |
| ७ | कार्यकारी निर्देशक, मेलम्ची खानेपानी विकास समिति | सदस्य-सचिव |

### ख) समितिको कार्यशर्त (TOR)

१. मेलम्ची खानेपानी आयोजना प्रभावित क्षेत्रमा स्थानीय स्तरमा सम्पादन गर्नुपर्ने सडक, सामुदायिक पूर्वाधार, पुलपुलेसाहरूको निर्माण तथा मर्मत सम्भारका लागि स्थानीय तह तथा बाढी पिडीत संघर्ष समितिबाट राखिएका सरोकारका सम्बन्धमा भौतिक क्षतिको पुनः निर्माण तथा पुर्नस्थापना गर्नका लागि विभिन्न विकासात्मक कार्य तथा क्रियाकलापलाई वर्गीकरण तथा प्राथमिकीकरण गरी सम्पादन गर्नुपर्ने विषयगत निकायहरू मार्फत् कार्यान्वयन गराउने सम्बन्धमा मोडालिटी सिफारिश गर्ने,

२. मेलम्ची खानेपानी आयोजना प्रभावित क्षेत्रमा बसोबास गर्ने बाढीपिडित तथा मृतकका परिवारका सदस्यहरूलाई सीपमूलक तथा आयआर्जन हुने घरेलु तथा लघु उद्यमहरूको पहिचान गरी कार्यान्वयनको लागि सिफारिस गर्ने,

३. खानेपानी मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सामाजिक उत्थान कार्यक्रम समितिहरू, मेलम्ची खानेपानी विकास समिति, बाढीपिडित संघर्ष समिति र स्थानीय भेण्डर तथा भाडावालबीच मिति २०८२/७/२५ गते भएको समझदारीअनुसारका कार्यहरू सम्पादन गर्न आवश्यक अनुगमन, समन्वय, निर्देशन तथा सहजीकरण गर्ने,

४. मेलम्ची खानेपानी आयोजना प्रभावित क्षेत्रको विकाससँग सम्बन्धित समस्या समाधानका लागि तत्कालीन, मध्यकालीन तथा दीर्घकालीन रूपमा अवलम्बन गर्नुपर्ने नीतिगत तथा कार्यगत सुझाव पेश गर्ने,

५. समितिलाई उपयुक्त लागेका अन्य विषयहरुका सम्वन्धमा अवलम्बन गर्नुपर्ने नीतिगत र कार्यगत सुझाव पेश गर्ने,

६. यस कार्यशर्त बमोजिम सम्पादित काम कारवाहीको प्रतिवेदन नेपाल सरकारका मुख्यसचिव समक्ष पेश गर्नेछ।

नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार, काठमाडौं

**ग) समितिको कार्यसम्पादन विधि, प्रकृया र कार्यावधिः**

१. समितिको सचिवालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ,

२. समितिको लागि आवश्यक जनशक्ति तथा व्यवस्थापकीय खर्च मेलम्ची खानेपानी विकास समितिले व्यवस्थापन गर्नेछ,

३. समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ,

४. समितिको कार्यावधि कार्यसम्पादन शुरू गरेको मितिले बढीमा एक वर्षको हुनेछ,

५. समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ,

६. समितिले आफ्नो कार्यसम्पादनमा सहयोगका लागि कुनै विज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ।